नयाँ पत्रिका दैनीकमा
मिति २०६६।४।१०
मा प्रकाशित

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
जिल्ला विकास समितिको कार्यालय
जिल्ला प्राविधिक कार्यालय
ग्रामिण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना
जिल्ला आयोजना कार्यालय, पर्वत, कुश्मा

# प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी राय सुझावका लागि सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०६६/४/१०

ग्रामिण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना (RRRSDP) अन्तर्गत एशियाली विकास बैंक (ADB), अन्तर्राष्ट्रिय विकास विभाग (DFID), स्वीस सरकार विकास नियोगको (SDC) अनुदान सहयोग तथा ओफिडको (OFID) ऋण सहयोग तथा नेपाल सरकार, जिल्लाविकास समिति र लाभग्राही समेतको लगानीमा स्तरोन्नती गर्नको लागि प्रस्ताव गरिएको निम्न **दोबिल्ला-फलेबास, कुश्मा-दुर्लुङ-सालिजा, चिसापानी-हुवास-बराचौर र कार्कीनेटा-लुंखु** सडक उप आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन कार्यन्वयन गर्ने सिलसिलामा वातावरणीय संरक्षण नियमावली २०५४ (पहिलो संसोधन २०५५ समेत ) को नियम ७२(२) अनुसार यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**प्रस्तावकको नाम : जिल्ला विकास समितिको कार्यालय/जिल्ला प्राविधिक कार्यालयर जिल्ला आयोजना कार्यालय,पर्वत ।**
**प्रस्तावित सडक उपआयोजनाहरुको विबरण:-**

| क्र.सं. | सडकको नाम | प्रभाव पार्ने गा.वि.स.हरु | प्रस्तावकको विवरण | लम्बाई |
|---|---|---|---|---|
| १ | दोबिल्ला-फलेवास सडक उप आयोजना | चुवा, पकु वा, पिपलटारि, कटुवाचौपारी, मडिकुवा र देविस्थान | यो उपआयोजना चुवा गा.वि.स अन्तर्गत पोखरा बागलुङ राजमार्गको सुन्दरे खोला बाट शुरु भई देविस्थान गा.वि.स को फलेवास क्याम्पस चौकमा गई टुङ्गिन्छ। यो सडकमा दोबिल्ला, सिल्मी, माझगाउं, लामाचौर, बडहरे, देउतियबजार, साईकलचौक, सिरुवा, एकधरे, सातबीसेडांडा, सेरचौर, राहाले, चन्दनटार फलेवास आदि बस्ति हरु पर्दछन् । | १५ की.मी. |
| २ | कुश्मा -दुर्लङ -सालिजा सडक उप आयोजना | शिवालय, दुर्लङ र क्याङ | यो उपआयोजना शिवालय गा.वि.स को दुर्लंग चौक (पोखरा-बागलुङ राजमार्ग) बाट शुरु भई क्याङ गा.वि.स को लेस्पार चौतारामा गई टुङ्गिन्छ। यो सडकमा दुर्लङ चोक, कामि डाडां, परिटोल, गोदाम् रोहोटे, भाटचौर, खोरटोल, देउराली, गौडामनी, काफलबोट, सार्किटोल, खोटथर, भुजेलथान, तल्लो हलहले, भंगेरीचौर, माथिल्लो हलहले, मेक्सार र लेस्पार आदि बस्ति हरु पर्दछन् । | २० की.मी. |
| ३ | चिसापानी हवास बराचौर सडक उप आयोजना | हुवास, त्रिवेणी, बेउलिबास, उरामपोखरा, सालिग्राम र बहाकि । | यो उप आयोजना हुवास, गा.वि.स को चिसापानीबाट शुरु भई बहाकी गा.वि.सको बहाकी भन्ज्याङमा गई टुङ्गिन्छ । यो सडकमा चिन्तनचौक, हातेमालोचौक, अर्धुन बजार, डांडा, कचहरे, बिसुनडांडा, र बहाकी भन्ज्याङ आदि बस्ति हरु पर्दछन् । | १५ की.मी. |
| ४ | कार्कीनेटा लुंखु सडक उप आयोजना | कार्कीनेटा, थापाथाना र भंगारा । | यो उप आयोजना कार्कीनेटा, गा.वि.स को हिलेखोला बाट शुरु भई भंगारा गा.वि.स र स्याङ्गजा जिल्लाको सिमाना बगालेनेटामा गई टुङ्गिन्छ। यो सडकमा दुई खाटी टोल, रातोमाटा ,घोप्टे चौर, कार्कीनेटा बजार, बगालेनेटा, आदि बस्ति हरु पर्दछन् । | १० की.मी. |

उक्त प्रस्तावको कार्यान्वयबाट वातावरणमा पर्न सक्ने प्रभावका बारेमा सम्बन्धित गा. वि. स., विधालय, स्वास्थ्य चौकी, वन उपभोक्ता समिति तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न ठेगानामा आफ्नो राय सुझाव पठाइ सहयोग गरी दिनु हुन अनुरोध गरिन्छ ।
**राय सुझाव पठाउने ठेगाना:-**

| | |
|---|---|
| जिल्ला विकास समितिको कार्यालय<br>पर्वत<br>फोन नं ०६७-४२०२५६ | जिल्ला प्राबिधिक कार्यालय<br>पर्वत<br>फोन नं ०६७-४२०१५१, |